रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम
कोशी प्रदेश, नेपाल

मिति २०८१/०३/१० गतेको गाउँसभाको १७ औं अधिवेशनको तेस्रो बैठकको उपस्थिती पुस्तिका

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मनि कुमार स्याङ्वो | |
| २ | उपाध्यक्ष | श्री विष्णु माया खवास | |
| ३ | १ नं. वडाध्यक्ष | श्री मनोहरी खड्का | |
| ४ | २ नं. वडाध्यक्ष | श्री चन्द्र शेखर घिमिरे | |
| ५ | ३ नं. वडाध्यक्ष | श्री मातृका बराल | |
| ६ | ४ नं. वडाध्यक्ष | श्री राज कुमार लाप्चा | |
| ७ | ५ नं. वडाध्यक्ष | श्री दल बहादुर पुलामी | |
| ८ | ६ नं. वडाध्यक्ष | श्री सत्यम राई चौरासे | |
| ९ | सदस्य | श्री नानु तामाङ | |
| १० | सदस्य | श्री मिनादेवी तामाङ | मिना |
| ११ | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १२ | सदस्य | श्री इन्दिरा देवी विश्वकर्मा | |
| १३ | सदस्य | श्री युवराज खापुवा राई | |
| १४ | सदस्य | श्री दया कुमारी दियाली | दया |
| १५ | सदस्य | श्री मन माया राई | |
| १६ | सदस्य | श्री रेश कुमार राई | |

रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम

कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १७ | सदस्य | श्री हेम बहादुर थापा | |
| १८ | सदस्य | श्री बाल कुमारी लकान्द्री | |
| १९ | सदस्य | श्री इन्द्र प्रसाद कुइकेल | |
| २० | सदस्य | श्री माधव प्रसाद सुवेदी | |
| २१ | सदस्य | श्री लिला राउत | |
| २२ | सदस्य | श्री अमृत बहादुर भुजेल | |
| २३ | सदस्य | श्री बाल कुमारी विश्वकर्मा | |
| २४ | सदस्य | श्री हर्क बहादुर राई | |
| २५ | सदस्य | श्री बल बहादुर तामाङ | |
| २६ | सदस्य | श्री रीना राई | |
| २७ | सदस्य | श्री सोभा दर्जी (महरा) | |
| २८ | सदस्य | श्री कर्ण बहादुर लाप्चा | |
| २९ | सदस्य | श्री तिर्थ राज ढुङ्गेल | |
| ३० | सदस्य | श्री फुल माया गोम्देन | |
| ३१ | सदस्य | श्री तारा विश्वकर्मा | |
| ३२ | सदस्य | श्री धिरज राई | |
| ३३ | सदस्य | श्री जिवन राई | |
| ३४ | सदस्य सचिव | श्री अनिल तिखत्री | |

**रोङ गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनको तेस्रो बैठकको प्रस्ताव र निर्णयहरुः**

आज मिति २०८१/०३/१० गते रोङ गाउँपालिकाको अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्युको अध्यक्षतामा गाउँसभाको १७ औं अधिवेशनको तेस्रो बैठक बसी देहाय बमोजिमको प्रस्तावमा छलफल गरि देहाय बमोजिमको निर्णय गरियो।

**प्रस्तावहरुः**

१. आ.व. २०८०/०८१ को बार्षिक बजेट सम्बन्धमा।

२. आ.व. २०८०/०८१ को आर्थिक विद्येयक सम्बन्धमा।

३. दररेट स्वीकृत सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. १ -** प्रस्ताव नं. १ बमोजिम यस रोङ गाउँपालिकाको उपाध्यक्ष श्री विष्णुमाया खवासले रोङ गाउँपालिकाको २०८०/०८१ को प्रतिवेदन प्रस्तुत साथै आ.व. २०८१/०८२ को लागि तय गरिएको नीति तथा कार्यक्रमहरु सञ्चालनको लागि बार्षिक बजेट गाउँसभाको अधिवेशनमा प्रस्तुत आ.व. २०८१/०८२ को पेश गर्नु भयो साथै आ.व. २०८१/०८२ को बार्षिक बजेट माथि छलफल गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. २ –** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं. ३ को वडाध्यक्ष श्री मात्रिका बरालज्यूबाट सभामा प्रस्तुत गर्नु भएको यस गाउँपालिकाको आ.व. २०८१/०८२ को आर्थिक विधयेकलाई पेश गर्नु भएको र सो विद्येयक माथि व्यापक छलफल गरी पास गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ३ -** प्रस्ताव नं. ३ माथि छलफल गरी यस गाउँपालिका भित्र आ.व. २०८०/०८१ मा लागूहुने सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) को नियम १४८ अनुसार तयार गरिएको निर्माण सामाग्री, ज्यालादर, उपकरण भाडा, ढुवानी भाडा, वन पैदावार, घरभाडा, कृषि सामाग्री, यातायात खर्च सम्बन्धि गाउँपालिका दररेट सर्वसहमतिले अनुमोदन गर्ने निर्णय गरियो।

**रोङ गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनको चौथो बैठकको प्रस्ताव र निर्णयहरु:**

आज मिति २०८१/०३/१० गते रोङ गाउँपालिकाको अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्युको अध्यक्षतामा गाउँसभाको १७ औं अधिवेशनको चौथो बैठक बसी देहाय बमोजिमको प्रस्तावमा छलफल गरि देहाय बमोजिमको निर्णय गरियो ।

**प्रस्तावहरु:**

१. आ.व. २०८०/०८१ को बार्षिक बजेट विधयेक सम्बन्धमा ।
२. आ.व. २०८०/०८१ को विनियोजन विधेयक सम्बन्धमा ।
३. रोङ गाउँपालिकाको O & M सर्वे प्रतिवेदन सम्बन्धमा ।
४. लागत सहभागिता सम्बन्धमा ।
५. सामुदायिक विद्यालयमा कार्यरत बाल बिकास सहजकर्ता र विद्यालय कर्मचारीको तलब भत्ता सम्बन्धमा ।
६. चालु आ.ब. को कार्यपालिका निर्णय अनुमोदन सम्बन्धमा ।
७. चालु आर्थिक बर्षको खर्चको अनुमोदन सम्बन्धमा ।
८. रोङ गाउँपालिकामा विभिन्न पदमा कार्यरत करार सेवाका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
९. न्यायीक समितिको प्रतिवेदन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १ -** प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा मिति २०८०/०३/१० गते यस रोङ गाउँपालिकाको उपाध्यक्ष श्री विष्णुमाया खवासले पेश गर्नुभएको आ.व. २०८१/०८२ को बार्षिक बजेट माथि व्यापक छलफल गरी आवश्यक्ता र औचित्य सहित रहेको पाइएकोले सर्वसहमतिले पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ -** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको उपाध्यक्ष श्री बिष्णु माया खवासबाट सभामा प्रस्तुत गर्नु भएको यस गाउँपालिकाको आ.व. २०८१/०८२ को विनियोजन विधयेकलाई सभाध्यक्ष ज्यूबाट निर्णयार्थ पेश गर्नु भई सर्वसहमतिले पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ -** प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपालको संविधानको अनुसूचीहरु बमोजिम स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँपालिकाको कार्य विभाजन नियमावली, २०७४ बमोजिम गाउँपालिकाको कार्य सम्पादनलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा स्वीकृत भएको यस गाउँपालिकाको संगठन संरचना र दरबन्दीलाई समसामयिक बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन,

२०७४ र कर्मचारी समायोजन ऐन, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि तयार गरि निर्माण गरिएको प्रतिवेदन सर्वसहमतिले स्विकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रोङ गाउँपालिका भित्र उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाहरु मध्ये उपभोक्ता समितिलाई देहाय बमोजिमको लागत सहभागिता गराउने निर्णय गरियो।

१. खरिद सम्बन्धि कार्य - ५%

२. भौतिक संरचना निर्माण सम्बन्धि कार्य - १०%

३. नयाँ सडक निर्माण / व्याक कट्टिङ / सडक मर्मत सम्बन्धि कार्य - २०%

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रोङ गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालय तथा बाल विकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ता (बाल शिक्षक), लेखा कर्मचारी र सहायक कर्मचारीहरुको तलबभत्तामा नेपाल सरकारको शसर्त अनुदानबाट प्राप्त बजेट रकममा यस गाउँपालिकाबाट देहाय बमोजिम थप गरि भुक्तानी गर्ने गरी सर्वसहमतिले निर्णय गरियो।

**देहायः**

क. बाल बिकास सहजकर्ता (बाल शिक्षक) रु. ५०००/- (अक्षेरुपी रु. पाँच हजार मात्र)

ख. लेखा कर्मचारीः रु. ७०००/- (अक्षेरुपी रु. सात हजार मात्र)

ग. सहायक कर्मचारीः रु. ७०००/- (अक्षेरुपी रु. सात हजार मात्र)

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाले आ.व. २०८०/८१ मा गरेको सम्पूर्ण निर्णयहरु सर्वसहमतिले अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस रोङ गाउँपालिका, कार्यालयले आ.व. २०८०/०८१ मा गरेको पुँजीगत खर्च र चालु खर्चहरु यस गाउँसभाबाट सर्वसहमतिले अनुमोदन गरियो।

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस रोङ गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरुमा कार्यरत करार कर्मचारीहरुको करार म्याद संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मुल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८" बमोजिम थप गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं. ९**- प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतको न्यायीक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका, फर्छ्यौट भएका, मेलमिलाप हुन नसकी सम्बन्धित संस्थामा पठाएको र मेलमिलाप प्रकृयामा रहेको विवादहरुको प्रतिवेदन माथि छलफल गरी सर्वसहमतिले अनुमोदन गरियो।